संघीय संसद

**प्रतिनिधि सभा, २०७९**

संशोधनको सूचना

सम्माननीय सभामुखज्यू,
प्रतिनिधि सभा।

सम्मानीय राष्ट्रपति महोदयबाट २०८२ वैशाख ११ गते शुक्रबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनमा उल्लिखित आ. व. २०८२/८३ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ३८ को उपनियम (२) बमोजिम यो संशोधनको सूचना पेश गरेको छु।

| सि. न. | बुँदा न. | संशोधनको व्यहोरा |
|---|---|---|
| १ | क | वाक्य थप: "यसका लागि सत्य निरूपण तथा मेलमिलापसम्बन्धी सबै कार्यहरु सम्पन्न गर्ने।" |
| २ | घ | वाक्य थप: "प्राथमिकीकरण गर्दा मानव सूचाङ्कमा पछाडी रहेका क्षेत्र, गरिबीको सूचाङ्कमा सबैभन्दा माथि रहेका क्षेत्र, सीमान्तकृत वर्गको उत्थान गर्नका लागि र लागत प्रतिफललाई आधार मानेर गरिनेछ।" |
| ३ | ङ | "नीतिगत तथा कानुनी" भन्ने शब्दहरू पछाडी "र आर्थिक" भन्ने शब्दहरू थप्ने |
| ४ | झ | वाक्य थप: "डाटा सुरक्षाको लागि विधेयक आउने आर्थिक वर्षमा पेश गर्ने।" |
| ५ | ठ | नयाँ बुँदा थप: "अप्रवासी नेपालीले विदेशबाट अभौतिक रूपमा मतदान गर्न पाउने संविधानले सुनिश्चित गरेको अधिकार र सर्वोच्च अदालतले दिएको निर्देशन कार्यान्वयन गर्न आवश्यक कानून तर्जुमा गरि २०८४ को चुनावका लागि प्रबन्ध गर्ने। त्यस्तै नेपालको कूटनैतिक पहलमा वैदेशिक रोजगारका लागि विदेशिने नेपालीका लागि आवश्यक सहजीकरण गर्ने। जस्तै, कोरियास्थित नेपालीको पेन्शनप्राप्तिका लागि कूटनैतिक पहल गर्ने र नेपालमै अन्तर्राष्ट्रिय ड्राइभर लाइसेन्स लिन मिल्ने प्रावधानको व्यवस्था गर्ने।" नेपालको एक-तिहाई GDP मा योगदान पुर्याउने अप्रवासी नेपालीका हकमा नीति तथा कार्यक्रमले आवश्यक सहजीकरण गर्ने प्रतिबद्धता जनाउन अझै बाँकी रहेको भयो। |
| ६ | ड | नयाँ बुँदा थप: "राज्यकोषबाट पेन्शन वा निवृत्तिभरणमार्फत नेपाललाई अहिलेसम्म परेको आर्थिक व्ययभारको विश्लेषण गर्ने, यसले भविष्यमा गर्न सकिने लगानीमा पारेको असरको विश्लेषण गर्ने र नेपालको अर्थतन्त्रलाई दिगो, भविष्यउन्मुख बनाउन आवश्यक कानून संशोधन गर्ने।" |
| ७ | ढ | नयाँ बुँदा थप: "न्यायपालिकाको जवाफदेहिता सुनिश्चित गर्न फौजदारी न्याय प्रणालीमा विधायिकाले जारी गरेका कानून कार्यावयन अवलोकन र सुनिश्चित गर्ने।" |
| ८ | २२ | वाक्य थप: "नेपालका जग्गा स्वामित्त्वको एकीकृत तथ्याङ्क संकलन गरि विद्युतीय अभिलेख राख्ने।" |
| ९ | ६२ | वाक्यहरु थप: "प्रधानाध्यापकका लागि छुट्टै दरबन्दीको व्यवस्था गरिनेछ। प्रारम्भिक शिक्षा तथा बालविकासमा लगानी गरिनेछ। भौगोलिक आवश्यकता अनुसारको पढाउने पद्धति विकास गरिनेछ। शिक्षामा हरेक तहको सरकारले कति लगानी गर्ने बारे स्पष्ट प्रतिशत निर्धारण गरिनेछ।" |

| | | |
|---|---|---|
| १० | ६३ | वाक्यहरू थप: "घोकन्ते विद्या प्रणालीबाट समालोचनात्मक चेतको विकासका लागि सबै तह र क्षेत्रका परिक्षा प्रणाली पुनरावलोकन गरिनेछ। शिक्षक सेवा आयोग, लोकसेवा आयोग वा अन्य कुनै निकायले लिने परिक्षामा आलोचनात्मक र विश्लेषणात्मक विचारको जाँच गरिनेछ।" |
| ११ | ६५ | बुँदा ६५ खारेज गर्ने। सामुदायिक विद्यालयको हुर्मत लिने, सबै संस्थागत विद्यालय अब्बल र सबै सार्वजनिक विद्यालय नराम्रो भन्ने भाष्य निर्माण गर्ने हेतुले, प्रधानमन्त्रीज्यूले PABSON को कार्यक्रममा 'नीजि विद्यालयले मुनाफा कमाऊ' भन्ने अभिव्यक्तिलाई बल पुग्ने हिसाबले नेपाल सरकारले नै संस्थागत विद्यालयको "branding" गर्ने हिसाबले राखिएको यो बुँदा निकै आपत्तिजनक छ। यसले सामुदायिक विद्यालयको अपमान गरेको छ। शैक्षिक गुणस्तर भनेकै कक्षा १० र १२ को परिक्षा नतिजा हो भन्ने बुझाई निकै कमजोर छ। बरू शैक्षिक गुणस्तर के हो, कसरी परिभाषित गर्ने भन्नेमा बुँदा आउनु पर्ने हो। |
| १२ | ६६ | बुँदा ६६ खारेज गर्ने। हालको अवस्थामा नै संस्थागत र सामुदायिक विद्यालयका पाठ्यक्रमा एकरूपता रहेको छ। मन्त्रीको अध्यक्षतामा बस्ने परिषद्को बैठक र पाठ्यक्रमसम्बन्धी जिम्मेवारी बारे थाहा नभई यस्तो बुँदा समावेश हुनु आश्चर्यलाग्दो छ। यस्तो आधारभूत कुराको समेत ज्ञान नभएको देख्दा, शिक्षा सम्बन्धी नीति तथा कार्यक्रम मन्त्रालयभित्र नभई अन्य कसैले लेखेको भन्नेमा गम्भीर प्रश्न उठेको छ। |
| १३ | ६७ | वाक्य थप: "इन्टर्नशीपका लागि आवेदन, छनोट विधि र पदस्थापनसम्बन्धी पारदर्शी र स्पष्ट कार्यविधि हुनेछ। इन्टर्नशीप विद्यार्थीको सिकाईमा केन्द्रित हुनेछ।" |
| १४ | ६८ | बुँदा ६८ मा रहेको "विश्वविद्यालयसँगको सहकार्यमा शिक्षक बैङ्कको स्थापना गर्ने" भन्ने शब्दहरू हटाउने। हाल संविधानको धारा २४३ मा शिक्षक सेवा आयोगले नै शिक्षकसम्बन्धी कार्य गर्ने पनि तोकेको छ। शिक्षक सेवा आयोग, राष्ट्रिय किताबखाना (शिक्षक) र शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा शिक्षक सम्बन्धी सबै विवरण रहेको हुँदा, सो विवरणलाई एकद्वार प्रणाली विकास गर्नु बरू आवश्यक देखिएको छ। समस्याको सही विश्लेषण नगरी शिक्षक बैङ्कको परिकल्पना गरिएको भान भएको छ। यसकाअतिरिक्त, हालको शिक्षा नियमावली, २०५९ को नियम ९७ मा करार शिक्षक सम्बन्धी व्यवस्था पहिले देखि नै व्यवस्था भएको हुँदा, यस्तो गरेमा संविधानत आयोगको कार्यक्षेत्रमा हस्तक्षेप हुनेछ। यति भन्दै गर्दा विश्वविद्यालयसँग सहकार्य नगर्ने भनेको हैन। विश्वविद्यालयसँग मिलेर शिक्षकका लागि पूर्व सेवा तालिम वा सेवाका समयमा थप अध्ययन र तालिम वा नयाँ शैक्षिक पद्धतिको विकासका लागि सहकार्य भने गर्न सकिनेछ। |
| १५ | ६९ | यदी यो बुँदाले उच्च शिक्षाका लागि पनि शैक्षिक गुणस्तर परिक्षण केन्द्र जस्तो निकायको परिकल्पना गरेको हो भने, सो बारेमा स्पष्टता चाहिने। "राष्ट्रिय स्तरमा सिकाइ उपलब्धी परिक्षण" कसले गर्नेछ? |
| १६ | ७५ | वाक्य थप: "विद्यालयमा खेलकुदका लागि तीनै तहका सरकारले बजेट छुट्याउने र विभिन्न विद्यालयहरूले सहकार्यमा खेलकुद प्रतियोगिताहरू संचालन गर्नेछन्।" |

**संशोधनकर्ता**

नाम, थर: सुमना श्रेष्ठ

क्रम सङ्ख्या: २५२

मिति: २०८२/०१/२१

सम्बन्धित दल: रास्वपा